सत्यमेव जयते

# भारतीय राजदूतावास

## काठमाडौं

भारतीय राजदूतावास, काठमाडौं महात्मा गान्धी छात्रवृत्ति योजना तथा स्वर्ण जयन्ती छात्रवृत्ति योजनाका लागि नेपालमा अध्ययनरत नेपाली विद्यार्थीहरुलाई अनलाइन आवेदनका लागि आह्वान गर्दछ ।

**अनलाइन आवेदन वेब पोर्टल www.goischolarship.com.np मार्फत २०७९ मंसिर ०२ देखि २०७९ पौष ०१ (November 18, 2022 to December 16, 2022) सम्म दिन सकिने छ। आवेदनका लागि अन्तिम म्याद २३:५९, २०७९ पौष ०१ (23:59 hrs. on December 16, 2022) सम्म रहने छ।**

## महात्मा गान्धी छात्रवृत्ति योजना २०२२-२३ (कक्षा ११का लागि)

१. **योग्यता** (**Eligibility**)

- आवेदक नेपालको कुनै मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत कक्षा ११ को नियमित विद्यार्थी हुनुपर्ने छ । प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखद्वारा प्रमाणित कक्षा ११ मा अध्ययन गरिरहेको प्रमाण अपलोड गर्नुपर्ने छ ।
- आवेदकले High School (कक्षा १०) तहमा कम्तिमा ६० प्रतिशत अंक (aggregate) प्राप्त गरेको हुनुपर्ने छ । कक्षा १० को लब्धाङ्क-पत्र अपलोड गर्नुपर्ने छ ।
- आवेदक नेपाली नागरिक हुनुपर्ने छ । आवेदकले आफ्नो वा अविभावकको नागरिकताको प्रमाणपत्र अपलोड गर्नुपर्ने छ ।
- अपाङ्गता भएका आवेदकले प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका/गाउँपालिका प्रमुखद्वारा प्रमाणित अपाङ्गताका प्रमाणपत्र पेश गर्नुपर्ने छ ।
- आवेदकको पारिवारिक वार्षिक आय नेरु. २ लाख भन्दा कम हुनुपर्ने छ । प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका/गाउँपालिका प्रमुखले दिएको वार्षिक आयको प्रमाण अपलोड गर्नुपर्ने छ ।

**नोट**: यस अघि अन्य कुनै स्रोतबाट छात्रवृत्ति लिइरहेको विद्यार्थी यस योजनाका लागि अयोग्य मानिने छ ।

**२. छात्रवृत्ति रकम तथा अवधि**

छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुले **प्रत्येक महिना नेरु. २,०००/-**का दरले छात्रवृत्ति पाउने छन् ।

कक्षा ११ को लब्धाङ्क-पत्रको प्रतिलिपिका साथै प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखले कक्षा ११ उत्तीर्ण गरी कक्षा १२ मा गएको र अध्ययन जारी रहेको भनी रीतपूर्वक प्रमाणिकरण गरेको प्रमाणपत्र बुझाए पछि मात्र उक्त छात्रवृत्ति दोस्रो वर्षका लागि कायम हुनेछ । छात्रवृत्ति पाएको विद्यार्थी कक्षा ११ को परीक्षामा अनुत्तिर्ण भएमा सो विद्यार्थीले दोस्रो वर्षमा उक्त छात्रवृत्ति पाउने छैन । आवेदकहरुले आफ्नो शैक्षिक कागजात २०८० कार्तिक १५ - मंसिर १४ **(November 30, 2023)** सम्म दूतावासको शैक्षिक प्रभाग वा वीरगञ्ज स्थित भारतीय महावाणिज्यदूतको कार्यालय वा attacheedu.kathmandu@mea.gov.in मार्फत बुझाउनु पर्नेछ । शैक्षिक कागजात नबुझाएको अवस्थामा सो छात्रवृत्ति रद्द हुनेछ ।

## स्वर्ण जयन्ती छात्रवृत्ति योजना २०२२-२३ (स्नातक कोर्षका लागि)

१. **योग्यता** (**Eligibility**)

- आवेदक नेपालको कुनै मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातक तह प्रथम वर्षमा अध्ययनरत नियमित विद्यार्थी हुनुपर्ने छ । प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखद्वारा प्रमाणित स्नातक तहमा अध्ययन गरिरहेको प्रमाण अपलोड गर्नुपर्ने छ ।
- आवेदकले +2/Class 12 को तहमा कम्तिमा ७० प्रतिशत अंक (aggregate) प्राप्त गरेको हुनुपर्ने छ। सो तहको लब्धाङ्क-पत्र अपलोड गर्नुपर्ने छ ।
- आवेदक नेपाली नागरिक हुनुपर्ने छ। आवेदकले आफ्नो वा अविभावकको नागरिकताको प्रमाणपत्र अपलोड गर्नुपर्ने छ ।
- अपाङ्गता भएका आवेदकले प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका/गाउँपालिका प्रमुखद्वारा प्रमाणित अपाङ्गताको प्रमाणपत्र पेश गर्नुपर्ने छ ।
- आवेदकको पारिवारिक वार्षिक आय नेरु. २ लाख भन्दा कम हुनुपर्ने छ । प्रमुख जिल्ला अधिकारी वा स्थानीय जिल्ला अधिकारी वा नगरपालिका/गाउँपालिका प्रमुखले दिएको वार्षिक आयको प्रमाण अपलोड गर्नुपर्ने छ ।

**उमेरको हद**: २०८०-०३-१६ (1st July 2023) गते सम्म आवेदकको उमेर १७ देखि २२ को बीचमा हुनुपर्ने छ ।

**नोट**: (१) यस अघि अन्य कुनै स्रोतबाट छात्रवृत्ति लिइ रहेको विद्यार्थी यस योजनाका लागि अयोग्य मानिने छ ।
(२) कृपया कक्षा ११ को प्राप्ताङ्क समावेश नगर्नु होला ।
(३) डिप्लोमा कोर्षका लागि भर्ना भइसकेका विद्यार्थीलाई यो छात्रवृति प्रदान गरिने छैन ।

**२. छात्रवृत्ति रकम तथा अवधि**

छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुले निम्नानुसार छात्रवृत्ति रकम प्राप्त गर्ने छन् ।

| कोर्ष | प्रतिमहिना छात्रवृत्ति रकम | छात्रवृत्ति अवधि(वर्ष) |
|---|---|---|
| MBBS/BDS | **४,०००/-** | ५ |
| B.E./B.Tech/B.Arch./BAMS | **४,०००/-** | ४ |
| Other courses | **३,०००/-** | ३ |

प्रत्येक शैक्षिक सत्रको लब्धाङ्क-पत्रको प्रतिलिपिका साथै प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखले स्नातक तहको अर्को वर्ष/सेमेस्टरमा गएको र अध्ययन जारी रहेको भनी रीतपूर्वक प्रमाणिकरण गरेको प्रमाणपत्र बुझाएपछि मात्र उक्त छात्रवृत्ति दोस्रो वर्ष तथा त्यस पछिका वर्षहरुका लागि कायम हुनेछ। आवेदकहरुले आफ्नो शैक्षिक कागजात प्रत्येक वर्षको मंसिर/पौष **(December)** सम्म दूतावासको शैक्षिक प्रभाग वा वीरगञ्ज स्थित महावाणिज्यदूतको कार्यालय वा attacheedu.kathmandu@mea.gov.in मार्फत बुझाउनु पर्नेछ। शैक्षिक कागजात नबुझाएको अवस्थामा सो छात्रवृत्ति रद्द हुनेछ।

**ध्यान दिनुपर्ने कुराहरुः**

१. आवेदकले आवेदनका लागि काठमाडौं स्थित भारतीय राजदूतावासको शिक्षा प्रभाग वा वीरगञ्ज स्थित भारतीय महावाणिज्यदूतको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ। परामर्शदाता मार्फत बुझाईएको आवेदन मान्य हुने छैन ।

२. आवेदकले आवेदन फारममा आफ्नो नाम, ठेगाना, टेलिफोन/मोबाइल नम्बर तथा इमेल ठेगाना स्पष्टसँग उल्लेख गरी हालै खिचेको पासपोर्ट साइजको फोटो अपलोड गर्नुपर्नेछ । ठेगाना, टेलिफोन/मोबाइल नम्बर वा अन्य विवरण सच्याउनु परेमा आवेदकले दूतावासलाई हस्ताक्षर सहित पत्र लेखी जानकारी गराउन सक्नेछ ।

३. दूतावासमा सम्पर्क गर्दा आवेदकले आवेदन दिएको/प्राप्त छात्रवृत्ति योजना, आफ्नो नाम, इमेल ठेगाना र मोबाइल नम्बर उल्लेख गर्नुपर्ने छ ।

४. **दूतावासले छात्रवृत्ति सम्बन्धि सबै जानकारी एवम् सुचना इमेल मार्फत मात्र दिने भएकाले आवेदकले आफ्नो इमेल ठेगाना र पासवर्ड सुरक्षित राख्नु पर्नेछ ।**

५. फारममा भरिने गलत तथ्यांक वा जानकारी जस्तै प्राप्ताङ्क र फोटो लगायत मागिए बमोजिमको आवश्यक कागजात नभएको अवस्थामा आवेदन/छात्रवृत्ति सिधै अस्वीकृत वा रद्द हुनेछ। यस सम्बन्धमा पछि गरिने सोधपुछ/दाबी दूतावासद्वारा मान्य हुने छैन ।

६. भरी पठाइएको अनलाइन फारम फेरी सच्याउन नमिल्ने भएकोले अनलाइन फारम भर्नु अघि आवेदकले फारममा उल्लिखित जानकारी वा निर्देशन ध्यान दिएर पढ्नु होला ।

७. आवेदन स्विकार वा अस्विकार गर्ने तथा छात्रवृत्ति दिने वा रद्द गर्ने अधिकार भारतीय राजदूतावासमा निहित हुनेछ ।

## महत्वपूर्ण जानकारी

भारतीय राजदूतावासले सिधै आवेदकबाट आएको आवेदन स्विकार गर्दछ । तर दूतावासले नेपालमा रहेका कुनै शैक्षिक परामर्शदाता वा विचौलिया मार्फत आएको आवेदन स्विकार गर्दैन । त्यस्ता अनाधिकृत व्यक्ति वा निकाय सँग सतर्क रहन सम्पूर्ण विद्यार्थीहरुमा अनुरोध छ । त्यस्ता अनाधिकृत व्यक्ति वा निकाय मार्फत आएको आवेदन रद्द गरिनेछ । आवेदन फारम भर्ने सम्बन्धि थप जानकारी थाहा पाउन वा कुनै जिज्ञासा भएमा attacheedu.kathmandu@mea.gov.in मा लेखि पठाउन सक्नु हुनेछ ।